अनुसूची १

(निर्णय नं. ४ सँग सम्बन्धित)

**आन्तरिक राजश्वको प्रगति विवरण**

| क्र.सं. | वडा नं. | वार्षिक लक्ष्य | अघिल्लो महिना सम्मको आम्दानी | लक्ष्य हासिल प्रतिशतमा | लक्ष्यमा पुग्न बाँकी रकम | मंसिर महिनाको आम्दानी | हालसम्मको राजश्व सङ्कलन | हालसम्मको लक्ष्यगत प्रगति | मंसिर महिनाको लक्ष्यगत प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८ | ४८५०४९ | ८३४३५ | १७.२० | ४०१६१४ | ४१५२३० | ४९८६६५ | १०२.८१ | १०३.३९ | |
| २ | ५ | ३३४७२६ | ९२०८६ | २७.५१ | २४२६४० | ५८८७० | १५०९५६ | ४५.१० | २४.२६ | |
| ३ | ६ | २६४८२६ | ७३४८२ | २७.७५ | १९१३४४ | २२८५१ | ९६३३३ | ३६.३८ | ११.९४ | |
| ४ | १३ | २९०६१३ | ६१४४२ | २१.१४ | २२९१७१ | २५९८० | ८७४२२ | ३०.०८ | ११.३४ | |
| ५ | नगरपालिका कार्यालय | १६१८४६८० | ३१०००५६ | १९.१५ | १३०८४६२४ | १४५२००० | ४५५२०५६ | २८.१३ | ११.१० | |
| ६ | १० | ३२४९३२ | ९१७२६ | २८.२३ | २३३२०६ | २४३४० | ११६०६६ | ३५.७२ | १०.४४ | |
| ७ | १ | १४०२६९३ | ५५७०४१ | ३९.७१ | ८४५६५२ | ८८१६५ | ६४५२०६ | ४६.०० | १०.४३ | |
| ८ | १२ | ३३०९३५ | ३५९७० | १०.८७ | २९४९६५ | १९२७२ | ५५२४२ | १६.६९ | ६.५३ | |
| ९ | ७ | ३८८७९६ | ११६७९५ | ३०.०४ | २७२००१ | १३९५० | १३०७४५ | ३३.६३ | ५.१३ | |
| १० | १४ | ५४४८७८ | २९६२० | ५.४४ | ५१५२५८ | २२३४७ | ५१९६७ | ९.५४ | ४.३४ | |
| ११ | ११ | ३८८२६२ | १०९५६५ | २८.२२ | २७८६९७ | ११७४७ | १२१३१२ | ३१.२४ | ४.२१ | |
| १२ | २ | १०१७०९२ | २२४८५४ | २२.११ | ७९२२३८ | ३२६९५ | २५७५४९ | २५.३२ | ४.१३ | |
| १३ | ९ | ९३७५५४ | ४६५६५८ | ४९.६७ | ४७१८९६ | ९६५७ | ४७५३१५ | ५०.७० | २.०५ | |
| १४ | ४ | ४७५८३८ | ८७६२२ | १८.४१ | ३८८२१६ | ४५९७ | ९२२१९ | १९.३८ | १.१८ | |
| १५ | ३ | ८२९१३० | २४५७१२ | २९.६३ | ५८३४१८ | | २४५७१२ | २९.६३ | ०.०० | |
| जम्मा | | २४२००००२ | ५३७५०६४ | | १८८२४९३८ | २२०१७०१ | ७५७६७६५ | | | |

शेरप्रसाद ढकाल

नि. प्रमुख प्रशासकीय अधिकृत

## मिति २०७९/०९/११ गते बसेको कर्मचारीहरूको नियमित बैठकका प्रस्ताव तथा निर्णयहरू

**प्रस्तावहरू :**

१. यस अघिका नियमित कर्मचारी बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा ।
२. राष्ट्रिय भूमि आयोगको लगत सङ्कलन सम्बन्धमा ।
३. कर्मचारी आचारसंहिता पालना सम्बन्धमा ।
४. राजस्व सङ्कलनको प्रगति समीक्षा सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

**निर्णयहरू :**

**निर्णय नं. १** प्रस्ताव नं. १ को **'यस अघिका नियमित कर्मचारी बैठकका निर्णयहरूको समीक्षा सम्बन्धमा'** छलफल गर्दा यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका शाखा / उपशाखा / ईकाइ / फाँट / स्वास्थ्य संस्था / वडा कार्यालयहरूबाट हालसम्म सम्पादित कार्यहरू र यस अघिका स्टाफ मिटिङ्गका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ को **'राष्ट्रिय भूमि आयोगको लगत सङ्कलन सम्बन्धमा'** छलफल गर्दा राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित, भूमिहीन सुकुम्बासीहरूलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन गर्ने प्रयोजनका लागि मिति २०७९/०५/२९ गते सूचना प्रकाशन गरेकोले सोही सूचना बमोजिम यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी लगत सङ्कलन गर्ने सम्बन्धी आ-आफ्नो वडा कार्यालयमा २०७९ पुस १२ गते सार्वजनिक सूचना प्रकाशन गरी २०७९ पुस १९ गते अपरान्ह ४:०० बजेसम्म लगत सङ्कलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ को **'कर्मचारी आचारसंहिता पालना सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका सबै वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरूमा कार्यरत सम्पूर्ण कर्मचारीहरुले निजामती ऐन र नियमावलीका साथै निजामती सेवाका कर्मचारीहरूको आचरण सम्बन्धी नियमावली, २०६५ बमोजिम आचारणहरूको पूर्ण पालना गर्नुका साथै कार्यालयको सम्पादन गरेका राम्रा कामहरूको प्रचारप्रचार गर्ने र सामाजिक सञ्चालनको दुरूपयोग गरी द्वेष फैलन नदिनेमा पूर्ण सचेत भइ कर्मचारीहरूको आचारसंहिता पालना गर्ने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ४** प्रस्ताव नं. ४ को **'राजस्व सङ्कलनको प्रगति समीक्षा सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक ऐन, २०७९ को आधारमा आन्तरिक राजस्व सङ्कलन गर्ने सम्बन्धित जिम्मेवार निकाय (राजस्व सङ्कलनमा प्रत्येक्ष भूमिका खेल्ने वडा कार्यालय, राजस्व उपशाखा लगाएत अन्य) कडाइपूर्वक क्रियाशील हुने र राजस्व सङ्कलन गर्ने। सङ्कलन भएको राजस्व समयमै आन्तरिक राजस्व खातामा दाखिला गर्ने। चुहावट र हिनामिना हुन नदिने। नगरबस, एम्बुलेन्स सेवा, व्याक्‌ओलोडर, बालुवा, गिट्टी, ढुङ्गाबाट सङ्कलन हुने राजस्व एवम् अन्य शीर्षकहरूमा प्राप्त राजस्व दुरूपयोग हुन नसक्ने अवस्थाको सुनिश्चितताको लागि Online Billing र राख्नुपर्ने सम्पूर्ण तोकिएका ढाँचामा अभिलेखाङ्कन गर्ने व्यवस्था राजस्व उपशाखाले मिलाउने। आर्थिक प्रशासन शाखा र राजस्व उपशाखाले राजस्व अभिलेख व्यवस्थित गर्न एवम् चुहावट र दुरुपयोग हुन नदिन आवश्यक व्यवस्था मिलाउने। साथै वडागत राजस्व प्राप्तिको लक्ष्यअनुसार अनुसूची १ मा उल्लेख भएबमोजिम मंसिर महिनाको सर्वाधिक राजस्व उठाउने प्रथम र द्वितीय कर्मचारीहरू ८ नं. र ५ नं. वडा कार्यालयका वडा सचिव क्रमश: भूपेन्द्र के.सी. र बलबहादुर के.सी.लाई पुरस्कृत गरियो।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ को **'विविध सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका शाखा, उपशाखा, इकाइ, फाँट र वडा कार्यालयहरूले २०७८/०७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङकन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम स्वमूल्याङ्कन (FRA) को विवरण २०७९ पुस मसान्तभित्र मूल्याङकनका लागि अनलाइन प्रविष्टी गर्नुपर्ने भएकोले सोसँग सम्बन्धित कागजातहरू सूचना प्रविधि व्यवस्थापन शाखामा शीघ्र उपलब्ध गराउने निर्णय गरियो।

**अन्तमा, बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत